सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल

माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

संक्षिप्त आदेश

०८२-WO-१६९७

विषयः-उत्प्रेषण समेत।

उपेन्द्र बहादुर कार्की ---------- निवेदक

विरूद्ध

प्रधानमन्त्री तथा मन्त्री परिषद्को सचिवालय काठमाडौं समेत ---------- विपक्षी

प्रस्तुत निवेदन सहितका मिसिल समेत अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री सतिसकृष्ण खरेल र श्री धनेश्वर काफ्ले, विद्वान अधिवक्ताद्वय श्री मधुर पाठक र श्री लक्ष्मण आचार्य तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्री परिषद्को सचिवालय समेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्तात्रय श्री सोमकान्त भण्डारी, श्री ज्ञानप्रसाद भुषाल र श्री विवेकराज बराल, नेपाल वायु सेवा निगमको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कपिलदेव ढकाल, श्री बल्लभ बस्नेत, श्री संजय भट्टराई तथा बिपक्षी महेश्वर श्रेष्ठको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री राधेश्याम अधिकारी र श्री पूर्णमान शाक्य, विद्वान अधिवक्ताद्वय श्री समिर शर्मा र श्री राजु शाक्यले गर्नुभएको बहस समेत सुनियो।

यसमा निवेदकको निवेदन व्यहोरा हेर्दा, नेपाल सरकारको मन्त्रीपरिषदको मिति २०८३।३।३० को निर्णय बमोजिम विपक्षी महेश्वरभक्त श्रेष्ठलाई नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष पदमा नियुक्ति गरेको निर्णय उत्प्रेषणको आदेशले बदर गरी मलाई उक्त पदमा नियुक्तिको लागि सिफारिश गर्न परमादेशको आदेश जारी गरिपाँउ भन्ने नै मुख्य दुईवटा निवेदन दावी रहेको देखिन्छ।

निवेदकको पहिलो निवेदन माग दावीका सम्बन्धमा बिचार गर्दा, सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ३ (घ) मा कार्यकारी प्रमुखको हकमा नियुक्तिका लागि ३० वर्ष पुरा भई ६५ वर्ष उमेर ननाघेको र पदाधिकारीको हकमा ३५ वर्षको उमेर पुरा भएको हुनुपर्ने भन्ने व्यवस्था रहेको पाईन्छ। त्यसैगरी

बिपक्षी निगमको महाप्रवन्धक छनौट सम्बन्धी कार्यबिधि, २०८२ को दफा ५ (१)(ख) मा समेत महाप्रबन्धक पदका लागि ३५ बर्ष पुरा भई ६५ बर्ष उमेर ननाघेको व्यक्ति हुनुपर्ने भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त मापदण्ड र कार्यबिधिमा भएको व्यवस्था बमोजिम बिपक्षी निगमको महाप्रबन्धक पदमा नियुक्तिका लागि अन्य योग्यताका अतिरिक्त ६५ बर्ष उमेर नाघेको हुन नहुने प्रष्ट देखिन्छ। नियुक्ति हुंदाका बखत यी बिपक्षी महेश्वरभक्त श्रेष्ठ ८० बर्ष पुगेको भन्ने देखिंदा निजलाई नियुक्त गर्नेगरी भएको बिपक्षी नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८३।३।३० को निर्णय प्रथम दृष्टि (Prima-facie) मै त्रुटिपूर्ण देखिन आयो। उल्लेखित व्यवस्थाका बिपरित बिपक्षी नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८३।३।३० को निर्णयले विपक्षी महेश्वरभक्त श्रेष्ठलाई बिपक्षी निगमको महाप्रवन्धकको काम कर्तव्य समेत गर्नेगरी कार्यकारी अध्यक्ष पदमा नियुक्त गर्ने गरी भएको निर्णय कानूनसम्मत भएको नदेखिंदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ।

अब निवेदकको दोस्रो मागदावी सम्बन्धमा बिचार गर्दा, नेपाल वायुसेवा निगमको संचालक नियुक्तिका लागि प्रकाशित विज्ञापन बमोजिम बढी अङ्क प्राप्त गरेको म संचालकलाई नै कार्यकारी अध्यक्ष नियुक्त गरी पाँउ भन्ने निवेदन मागका सम्बन्धमा निगमको महाप्रवन्धक, अध्यक्ष, उपाध्यक्ष, निगमको संचालकहरु मध्ये को-कसलाई नियुक्त गर्ने भन्ने अधिकार नेपाल सरकारमा निहित हुने भन्ने नेपाल वायु सेवा नियम ऐन, २०१९ को दफा ४(५) मा व्यवस्था भएको देखिन्छ। ऐ.ऐनको दफा ४(५) को व्यवस्था बमोजिम बिपक्षी निगमको कार्यकारी अध्यक्ष हुन योग्यता पुग्ने संचालक सदस्यहरु मध्ये जो कोहीलाई उक्त पदमा नियुक्ति गर्ने वा जिम्मेवारी सुम्पिन सक्ने एकल अधिकार (exclusive right) नेपाल सरकार मन्त्री परिषदमा रहेको मान्नुपर्ने हुन्छ। यसरी कार्यकारी अध्यक्ष लगायतको नियुक्ति कसले गर्ने भन्ने कानुनमा नै प्रष्ट व्यवस्था भएको अवस्थामा उल्लिखित पदमा निवेदकलाइ नियुक्त गर्नु भनी आदेश गर्दा न्यायिक अभ्यासको रुपमा रहेको न्यायिक आत्मसंयता (judicial self-restraint) समेतको प्रतिकूल हुन जान्छ। अतः संचालक छनौटको भिन्न प्रकृयामा सबैभन्दा बढि अंङ्क प्राप्त गरेका यी निवेदकलाई निगमको महाप्रबन्धकको कर्तब्य समेत सुम्पिई कार्यकारी अध्यक्षको रुपमा नियुक्ति सिफारिस गरिपाउँ भन्ने निवेदन जिकिर कानूनसम्मत नदेखिंदा परमादेशको आदेश जारी हुने अवस्थाको बिद्यमानता नदेखिंदा निवेदकको सो हदसम्मको जिकिर पुग्न नसक्ने भई सो हदसम्म निवेदन खारेज हुने ठहर्छ। आदेशको पूर्ण पाठ तयार हुन समय लाग्ने हुँदा यो संक्षिप्त आदेश जारी गरी दिएको छ। आदेशानुसार गर्न लेखी पठाइ नियमानुसार गर्नू।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०८३ साल भदौ ०४ गते रोज ५ शुभम् ----------।